# RUDAS Nepal

*(Rural Development & Awareness Society Nepal)*
*(ग्रामीण विकास तथा चेतना समाज नेपाल)*
**Central Office, Libang-6, Rolpa**
Estd : 2061 B.S.

CDO Reg No. : 73/061
SWC No. : 17550
NGO Fed N0 : MWR-Rol-12
PAN : 301728164
Office Phone : 0977-86-440187
Email ID : *nepal.rudas@gmail.com*


## नियुक्ति पत्र ।

मन्जु वली
जुंगार-३ रोल्पा

यस ग्रामीण विकास तथा चेतना समाज (रुडास) नेपाल संस्था सामाजिक रुपमा चेतना विस्तार गर्ने र स्वच्छ सामाजिक भावनाले विकासका क्रियाकलापमा सुशासन प्रदान गर्दै लक्ष प्राप्तिका लागि क्रियाशील एक गैर सरकारी संस्था हो, जसले नाफा रहित विशुद्ध समाज सेवाको भाव बोकेको छ ।

विश्व खाद्य कार्यक्रम (FAO) को सहयोग तथा यस संस्थाको साझेदारीमा र जिल्ला कृषि विकास कार्यालय रोल्पा, जिल्ला पशुसेवा कार्यालय रोल्पा, जिल्ला जनस्वास्थ्य कार्यालय रोल्पाको समन्वयमा रोल्पा जिल्लाका जैमाकसला, गजुल, लिवाङ, घर्तीगाउँ, गैरीगाउँ र वुढागाउँ गाविसहरुमा संचालित " कृषि तथा खाद्य सुरक्षा आयोजना (AFSP Project)" अन्तर्गत लिवाङ र घर्तीगाउँ गाविसको लागि पशु प्राविधिक पदको लागी लिइएको लिखित, प्रयोगात्मक तथा अन्तर्वार्ता लगायतको छनौट प्रक्रियाबाट तपाई सम्बन्धित गाविसमा परिचालित हुने गरी पशु प्राविधिक (Livestock Technician) पदमा सफल हुनुभएको हुँदा तपसिलमा उल्लेखित सेवा सर्तको अधिनमा रहि काम गर्न *२०७१/११/१७ (1st Marh, 2015)* देखि लागू हुने गरी करारमा नियुक्ति गरिएको छ । संस्थाको नीति, नियम र गोपनियताको अधिनमा रहि कर्मठ कर्मचारीको हैसियतले तोकिएको कार्यक्षेत्रमा लगनशिल भएर तोकिएको काम गर्नुहोला । सेवा अवधिको निरन्तरताको लागि कार्य प्रगतीका आधारमा कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ ।

**तपसिल**

१) तपाईले आफू कार्यरत रहेको नियमित हाजिरीको समय तालिका(Time-sheet)कोआधारमा मासिक रु १५०००।- (पन्ध्र हजार) रुपैयाँका दरले पारिश्रमिक पाउनुहुनेछ । यस बाहेक कार्यक्रमको नियमानुसार मासिक बैठक, तालिम तथा गोष्ठिमा उपस्थित भए वापतको दैनिक भ्रमण भत्ताको सुविधा पनि पाउनुहुनेछ ।

२) तपाईको तोकिएको कार्यक्षेत्र कार्यक्रम संचालित लिवाङ घर्तीगाउँ गा.वि.स.मा वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि पुरै समय फिल्डमा रही नियमित रुपमा कार्य गर्नुपर्नेछ ।

३) कार्यक्षेत्रमा भए गरेका क्रियाकलापहरुलाई मासिक रुपमा प्रगति प्रतिवेदन तयार गरि कार्यक्रमको सम्पर्क व्यक्ति (Focal person) लाई पेश गर्नु पर्नेछ ।

४) मासिक हाजिरीका आधारमा महिनामा १ दिन भैपरी विदा र १ दिन विरामी विदा पाउनुहुनेछ तर सञ्चित विदा वापत पारिश्रमिक तथा अन्य कुनै सुविधा पाउनुहुनेछैन । विदा स्वीकृत गराएर मात्र उपयोग गर्नुपर्नेछ । यदि स्वीकृत नगराएर विदामा बसेमा पछाडि स्वीकृत हुने छैन र विदा लिएको दिनको आधारमा तलबबाट कट्टी गरिनेछ ।

५) काम गर्दा जाँगरिलो र फुर्तिलो भएर साथै जनताको भावनालाई बुझी समुदायमा कृषि वाली तथा पशुपालन व्यवसाय उत्पादकत्वमा वृद्धिमा जोड दिदै लक्षित समुदायहरुको दैनिक आहारमा विविधीकरण ल्याई खासगरी गर्भवती महिला तथा दुई वर्ष भन्दा मुनीका वालवालिकाहरुको खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउन भुमिका निर्वाह गर्नुपर्नेछ ।

६) गर्नुपर्ने काम आफ्नो पदिय जिम्मेवारी पुर्वक नगरी संस्थाको कर्मचारी नियमावली तथा जनभावना विपरित भएको कुनैपनि निकायवाट जानकारी भएमा सो विषयमा अनुगमन गरी संस्थाको कर्मचारी प्रशासन नियमावली बमोजिम कारबाही हुनेछ ।

७) सामाजिक सेवाको भावना राखी उच्च आदर्शले प्रेरित भई आफूलाई विशुद्ध विकास संवाहकको रुपमा प्रदर्शित गर्नुपर्नेछ । साथै संस्थाप्रति पूर्ण रुपमा वफादार हुनुपर्नेछ ।

८) यस बाहेक संस्था र कार्यक्रमको लागि आबश्यक पर्ने अन्य MOU or JD मा उल्लेख भएका कामहरु गर्नुपर्नेछ ।

९) तपाईले पाउने आधारभूत तलबबाट कट्टी हुनेगरी नेपाल सरकारको नियम बमोजिम सामाजिक सुरक्षा कर संस्थाले जम्मा गरिदिनेछ ।

................
मन्जु वली
पशु प्राविधिक
(Livestock Technician)

................
शोभाराम डाँगी
अध्यक्ष

**बोधार्थ:**
१) जिल्ला कृषि विकास कार्यालय, रोल्पा (जानकारीका लागि)
२) जिल्ला पशुसेवा कार्यालय , रोल्पा
३) जिल्ला जनस्वास्थ्य कार्यालय, रोल्पा
४) लेखा तथा प्रशासन रुडास नेपाल (नियमानुसारको त.भ. उपलब्ध तथा हाजिरी गराउनुहुन ।

CamScanner